नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं।

## राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष पदका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।९।२८**

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार गठित उपाध्यक्ष सिफारिस समितिले राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष नियुक्तिको लागि योग्यता पुगेका व्यक्तिमध्येबाट तीन जना व्यक्तिको नाम युवा तथा खेलकुद मन्त्रालयमा सिफारिस गर्नुपर्ने भएकोले देहायका योग्यता र अनुभव पुगेका इच्छुक नेपाली नागरिकहरू मध्येबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र ( मिति२०८२।१०।०४ गते सम्म) सिफारिस समितिको सचिवालय, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयमा कार्यालय समयभित्र दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. <u>योग्यता र अनुभवः</u> देहायबमोजिम योग्यता र अनुभव हासिल गरेको व्यक्ति दरखास्त दिनका लागि योग्य मानिनेछ।

(क) नेपाली नागरिक,

(ख) दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तहको उपाधि हासिल गरेको,

(घ) युवाको हक हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तिमा ७ वर्ष काम गरेको,

(ङ) तत्काल कुनै राजनीतिक दलको सदस्य नरहेको,

२. राष्ट्रिय युवा परिषद्को उपाध्यक्षको काम, कर्तव्य र अधिकार राष्ट्रिय युवा परिषद् ऐनको दफा १६ बमोजिम हुनेछ ।

३. <u>दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरुः</u>

रितपूर्वक भरेको दरखास्त फारमका साथ देहायका विवरणहरु खुल्ने प्रमाणित कागजातहरु पेश गर्नु पर्नेछ ।

(क) नेपालको नागरिकता प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपी।
(ख) राष्ट्रिय परिचयपत्रको स्वयम् प्रमाणित प्रतिलिपी
(ग) शैक्षिक योग्यता सम्बन्धी कागजातहरुको स्वयम् प्रमाणित प्रतिलिपी।
(घ) संलग्न ढाँचाबमोजिमको स्वघोषणा पत्र
(ङ) युवाको हक हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तिमा ७ वर्ष काम गरेको अनुभव खुल्ने कागजातको स्वयम् प्रमाणित प्रतिलिपि र सो भन्दा बढी अवधिको कार्यको अनुभव भए सो समेत।
(च) राष्ट्रिय युवा परिषद्को विकास र उन्नयनका लागि कार्ययोजना (परिचय, दुरदृष्टि, लक्ष्य र उद्देश्य, नेपालमा युवाको परिचालन र विकासको वर्तमान अवस्थाको विश्लेषण - SWOT analysis, रणनीति र कार्यनीति सहित प्रस्तावित योजना, योजना कार्यान्वयनको खाका समेत समेटिएको)।

४. <u>कार्ययोजनाको संभावित खाका देहाय बमोजिम हुनेछ ।</u>

(क) परिचय
(ख) दुरदृष्टि, लक्ष्य र उद्देश्य
(ग) नेपालमा युवा परिचालन र विकासको वर्तमान अवस्था विश्लेषण (SWOT analysis सहित)

- नीतिगत र कानुनी व्यवस्था
- संस्थागत संरचनाको अवस्था

- जनशक्तिको अवस्था
- भौतिक संरचनाको विकास

- युवाको हक हितको संरक्षण र सम्वर्द्धन एवम् युवा परिचालन तथा विकासको क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य
  - स्वयंसेवा र स्वयंसेवक परिचलनका उपायहरू
  - युवा परिचालनमा लैंगिक मूलप्रवाहिकरणका उपायहरू
  - सामाजिक समावेशीकरणका उपायहरू
  - Resource optimization का लागि युवा उद्यमशीलता प्रवर्द्धनका उपायहरू
  - प्रविधिको प्रयोग र प्रविधिमैत्री युवा परिचालनका उपायहरू
  - युवा सचेतना र कल्याण (स्थानीय खाद्य पदार्थको उपभोग, मोटोपन नियन्त्रण र कुपोषण सम्वोधन, जीवनशैली सुधार, प्रकोप व्यवस्थापन) का उपायहरू
  - दिगो विकासका लक्ष्यहरू (SDGs) हासिल गर्न युवाको भूमिका
  - सुशासन प्रवर्द्धनका लागि युवाको भूमिका
  - गुणस्तरीय शिक्षा र शैक्षिक प्रणाली विकासमा युवा परिचालनका उपायहरू
  - युवा परिषद्को स्थानीय स्तरसम्म सशक्तिकरण

(घ) प्रस्तावित योजना (रणनीति र कार्यनीति सहित)

(ङ) योजना कार्यान्वयन खाका

(च) कार्ययोजना अधिकतम् ५००० शब्दको हुनुपर्नेछ।

(५) दरखास्त सम्वन्धी सम्पूर्ण कागजातमा निवेदकले दस्तखत गरी खामबन्दी गरी मन्त्रालयमा तोकिएको अवधिभित्र दर्ता गराउनु पर्नेछ।

(६) मूल्याङ्कनका आधार

उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्कभार निम्न बमोजिम हुनेछः

क. शैक्षिक योग्यता र युवाको हक, हितको संरक्षण एवम् सम्वर्द्धन तथा युवा परिचालन र विकासको क्षेत्रमा भएको कार्य अनुभव - २५ अङ्क

ख. कार्ययोजना - ६० अङ्क

ग. प्रस्तुतिकरण -१५ अङ्क

(७) दरखास्त रद्द हुन सक्नेः गलत वा झुटा कागजात पेश गरेमा वा प्रकरण ३ वमोजिमका कागजातहरु सम्लग्न नभएमा समितिले कुनै पनि चरणमा दरखास्त रद्द गर्न सक्ने छ।

(८) यो सूचना मन्त्रालयको वेभसाइट र मिति २०८२।०९।२८ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा हेर्न सकिने छ। यस सम्वन्धी थप जानकारी लिनु परेमा मन्त्रालयको फोन नं ०१-४२००५४०, ०१-४२००५४२, ९८५१३१९५४२ मा सम्पर्क गर्न सकिने छ।

## राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष पदका लागि दरखास्त फारम

फोटो

**क. व्यक्तिगत विवरण**

**१. उम्मेदवारको नाम :**

**२. जन्म मिति : वि.सं./इ.सं. ........................................................**

**३. स्थायी ठेगाना :**प्रदेश ............................................. जिल्ला .........................................

नगरपालिका/गाउँपालिका................................................... वडा नं .........................टेलिफोन नं .........................................

**४. अस्थायी ठेगाना :**प्रदेश .......................................................जिल्ला ......................................

नगरपालिका/गाउँपालिका ............................... वडा नं ........................................... टेलिफोन नं .....................................

**५. नागरिकता : जारी गरिएको**

जिल्ला........................... मिति............................... नगरिकता नं .............................

**६. राष्ट्रिय परिचय पत्र नं** ......................................

**७. मोबाइल नम्बर : ......................................**

**८. इमेलः..............................................**

**९. शैक्षिक योग्यता**

| शैक्षिक संस्थाको नाम र ठेगाना | उपाधि | अध्ययन बर्ष | | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | बाट | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**९. सम्बन्धित क्षेत्रमा कार्य अनुभवको विवरण**

| संस्था/निकायको नाम र ठेगाना | कार्य अवधि | | मुख्य उत्तरदायित्व | कैफियत |
|---|---|---|---|---|
| | बाट | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

माथि उल्लेखित मेरो व्यक्तिगत विवरण ठिक साँचो छ । झुठ्ठा ठहरिएमा यसै विवरणको आधारमा बदर गरिएमा म कुनैकिसिमको उजुरबाजुर गर्ने छैन ।

दरखास्तवालाको हस्ताक्षर :

मिति :

ल्याप्चे सहीछाप

| दाँया | बाँया |
|---|---|
| | |

<u>**स्वघोषणा पत्र**</u>

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि **राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष** पदमा नियुक्ति/मनोनीत हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेस गरेको छु।

**१. नाम, घर (नेपालीमा)ः**
**Name (In English):**
**२. जन्म मिति वि.सं.ः** **इ.सं.ः**
**३. स्थायी ठेगानाः**
**अस्थायी ठेगानाः**
**४. नागरिकता प्रमाणपत्र नं.** **राष्ट्रिय परिचयपत्र नं.ः**
**जारी मिति र जिल्लाः**
**५. सम्पर्क नं.ः**
**६. इमेलः**
**७. शैक्षिक योग्यताः-**

८. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।
९. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आवद्ध छैन।
१०.म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त भएको छैन।
११.म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।
१२.मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव वेचविखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।
१३.मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।
१४.नियुक्ति/मनोनीत हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।
१५.मैले पेश गरेका शैक्षिक योग्यता, नागरिकता, अनुभवलगायतका सबै कागजातहरु सक्कलबमोजिमका छायाप्रतिहरु हुन्। साथै, मैले पेश गरेको मेरो व्यक्तिगत विवरणमा उल्लिखित सम्पूर्ण व्यहोरा सत्य र ठीक साँचो हो, फरक परेको छैन।

**मैले माथि गरिदिएको स्वघोषणाको व्यहोरा ठिक साँचो हो। झुट्टा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।**

<u>स्वघोषणा गर्ने व्यक्तिको</u> -
दस्तखतः
मितिः

<u>दायाँ</u> <u>बायाँ</u>